# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मितिः २०८१/०४/१८

## अनुशासन सम्बन्धी उजुरी उपर सजाय गरिएको बारे ।

दाङ जिल्ला स्थित साविकमा वित्तीय मध्यस्तता सम्बन्धी कार्य गर्दै आईरहेको एक FINGO संस्थालाई "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थामा रुपान्तरण गर्ने क्रममा उक्त सुपर FINGO ले ठुलो मात्रामा कृत्रिम ऋणी खडा गरी तयार गरेको मिति २०७६/०४/०१ देखि २०७६/०९/२८ सम्मको वित्तीय विवरणलाई प्रमाणित गरी लेखापरीक्षकले गैर जिम्मेवारी तथा गम्भीर लापरबाहीपूर्वक कार्य गरेको भन्ने व्यहोरा सहित उक्त संस्थाका लेखापरीक्षक यस संस्थाका "घ" वर्गका एक सदस्य विरुद्ध एक नियामक निकायले यस संस्थामा उजुरी गरेकोमा अनुशासन समितिबाट उक्त उजुरीका सम्वन्धमा छानविन गर्दा उक्त FINGO संस्थाको आ.व. २०७६/७७ को मिति २०७६/०९/२८ सम्मको लेखापरीक्षण गरिएका वित्तीय विवरणमा उल्लेख भएको कुल कर्जाको ९८.८३ प्रतिशत बराबरको रकम नक्कली कर्जा रहेको र उजुरीकर्ता नियामक निकायले सम्वन्धित लघुवित्त तथा सो निकायका पदाधिकारीहरुलाई नक्कली ऋणी खडा गरेको लगायतका सम्बन्धमा कारवाही गरेको पाईयो ।

उजुरीकर्ताको उजुरी, फाईलमा उपलब्ध कागजातहरु, लेखापरीक्षकले पेश गरेका जवाफहरु, अनुशासन छानबिन शाखाको प्रतिवेदन, बयानको क्रममा निज आरोपित लेखापरीक्षकले दिएको बयानबाट निज लेखापरीक्षकले उक्त निकायको लेखापरीक्षण गर्दा लेखापरीक्षणमान (मापदण्ड) बमोजिमका प्रक्रियाहरु पुरा नगरेको तथा आवश्यक तथ्य प्रमाण संकलन नगरी उक्त निकायबाट नक्कली ऋणी खडा गरी तयार गरेको झुट्टा वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदनमा सहिछाप गरेको देखिन आयो । साथै उक्त निकायका अध्यक्षले आफ्नो फर्मको छाप तथा आफ्नो हस्ताक्षरको दुरुपयोग गरी गलत प्रतिवेदन तयार गरिदिएको हुँदा सो कार्यमा आफ्नो कुनै संलग्नता नरहेको भनि निजले जिकिर गरेतापनी आरोपित लेखापरीक्षकको छाप तथा हस्ताक्षर दुरुपयोग भएको भनी निज लेखापरीक्षकले गरेको जिकिर छानविनबाट प्रमाणित हुन सकेन । साथै निज लेखापरीक्षकको पेशागत प्रमाणपत्र वर्ग "घ" रहेको अवस्थामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ बमोजिम "घ" वर्गको दर्तावाला लेखापरीक्षकले जम्मा ६ करोड रकम सम्मको मात्र लेखापरीक्षण गर्न पाउने व्यवस्था रहकोमा उक्त लेखापरीक्षण गर्दा जम्मा रु २५,७१,९९,०५७.०१ बराबरको रकम रहेको देखिएकोले निज लेखापरीक्षकले नियम ५३ को विपरित हुने गरी समेत कार्य गरेको पाइयो ।

सुपर FINGO संस्थाको आ.व. २०७६/७७ (मिति २०७६/०४/०१ देखि २०७६/०९/२८ सम्म) को लेखापरीक्षण गर्ने क्रममा यस संस्थाका उक्त सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४(१), दफा ३४(६), दफा ३४(८), दफा ३४(९), दफा ३४(१३), दफा ३४(१४) र दफा ३४(१५) मा उल्लेखित आचरण सम्वन्धी व्यवस्थाहरु पालना नगरेको तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम ६४(क) र (ग) साथै पेशागत प्रमाणपत्र प्राप्त सदस्यले पालना गर्नुपर्ने आधारभुत सिद्धान्तहरु समेत पालना गरेको नदेखिएकाले निजले गरेको पेशागत आचार संहिता विपरितको कार्यको गाम्भिर्यतालाई मध्यनजर गरी निज सदस्य लाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(ग) बमोजिम **पाँच (५) वर्षको लागि लेखाव्यवसाय गर्न नपाउने गरी रोक** लगाउने सजाय दिने निर्णय परिषदको मिति २०८१ असार २९ गते बसेको ३३० औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोटः*

*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

..............................

सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक